# स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१

आयोगबाट स्वीकृत मितिः २०८१/०४/०३

प्रस्तावनाः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कानूनी व्यवस्थालाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६४ को अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले यो कार्यविधि स्वीकृत गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "अविच्छिन्न रूपमा कार्यरत कर्मचारी" भन्नाले स्थानीय तहमा कर्मचारी समायोजन हुँदा तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखत स्वीकृत स्थायी दरवन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरवन्दीमा हालसम्म अस्थायी वा करार सेवामा अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरु सम्झनु पर्छ।

(ख) "अस्थायी वा करारमा कार्यरत कर्मचारी" भन्नाले कर्मचारी समायोजन हुदाँका बखत स्थानीय तहको स्वीकृत स्थायी दरवन्दीमा कर्मचारी समायोजन हुँदा पूर्ति हुन नसकी रिक्त रहेको दरबन्दीमा हालसम्म अस्थायी वा करारमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "उमेर हद" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम प्रदेश लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनमा दरखास्त दिन पाउने उमेर हद सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ङ) "प्रदेश लोक सेवा आयोग" वा "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश सम्झनु पर्छ।

(च) "रिक्त दरवन्दी" भन्नाले कर्मचारी समायोजन हुदाँका बखत स्थानीय तहमा स्वीकृत स्थायी दरवन्दीमा कर्मचारी समायोजन हुँदा पूर्ति हुन नसकी रिक्त रहेको दरबन्दीलाई मात्र जनाउने छ।

(छ) "विशेष सुविधा" भन्नाले ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिमको विज्ञापन अन्तर्गत आयोगबाट सञ्चालन हुने परीक्षामा सहभागी हुन दिइने विशेष सुविधा सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले कोशी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(झ) "स्थायी दरवन्दी" भन्नाले कर्मचारी समायोजन हुँदाका बखत स्थानीय तहमा स्वीकृत स्थायी दरवन्दी सम्झनु पर्छ।

३. <u>स्वीकृत दरबन्दी र कार्यरत कर्मचारी यकिन गर्नु पर्ने:</u> यो कार्यविधि प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत स्थायी दरवन्दी बमोजिम पदपूर्ति गर्नु पर्ने रिक्त दरबन्दीमा साविक स्थानीय निकाय तथा स्थानीय तहमा अस्थायी वा करारमा कार्यरत रही हालसम्म अविच्छिन्न रूपमा कार्यरत रहेका कर्मचारीको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

४. <u>माग गर्नु पर्ने:</u> (१) दफा ३ बमोजिमको विवरण सहित आयोगबाट पत्र प्राप्त भएको मितिले १५ दिन भित्र ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिमको पदपूर्तिका लागि अनुसूचि-१ बमोजिमको माग आकृति फाराम भरी आयोगमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्तिका लागि माग गर्दा माग आकृति फाराम साथ देहायका विवरणहरू संलग्न गर्नु पर्नेछ।

(क) कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत स्थायी दरबन्दी विवरण,

(ख) खण्ड (क) बमोजिमको दरवन्दीमा अस्थायी वा करारमा अविच्छिन्न रुपमा कार्यरत कर्मचारीको विस्तृत विवरण (नाम थर, सेवा, समूह, उपसमूह, तह, पद, करार वा अस्थायी नियुक्ति मिति, शैक्षिक योग्यता)

(३) उपदफा (२) बमोजिमका कर्मचारी अविच्छिन्न रूपमा कार्यरत रहेको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित पत्र तथा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

(४) यस दफा बमोजिम आयोगमा पठाइएको मागको विवरण सम्बन्धित स्थानीय तहले आफ्नो वेवसाइटमा अपलोड गरी सूचना पाटीमा समेत टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

५. कर्मचारीले निवेदन दिन सक्ने: (१) दफा ४ बमोजिम पदपूर्तिका लागि माग गर्नुपर्ने स्थानीय तहले पदपूर्तिका लागि माग नगरेमा वा कुनै पद समावेश नगरेको पाइएमा सम्बन्धित कर्मचारीले दफा ४ को उपदफा (२) मा उल्लेख भएका विवरणहरू सहित सूचना टाँस गरेको वा वेवसाइटमा अपलोड गरेको मितिले सात दिन भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित स्थानीय तहले एकिन गरी निवेदन दिन पाउने म्याद समाप्त भएको सात दिनभित्र विद्युतीय माध्यम मार्फत आयोगमा पठाउनु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवरण गलत भएको भन्ने सूचना आयोगमा प्राप्त भएमा आयोगले यकिन गरी पदसंख्या थप्न वा घटाउन सक्नेछ।

६. प्रतिशत निर्धारण: (१) दफा ४ र ५ बमोजिम पदपूर्तिका लागि माग प्राप्त भएपछि आयोगले त्यस्तो मागलाई सेवा, समूह, उपसमूह, तह र पदका आधारमा छुट्टाछुट्टै विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण तयार भएपछि सबै स्थानीय तहको रिक्त पदलाई ऐनको दफा ८ को उपदफा (२१) बमोजिम एकमुष्ट गणना गरी ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम पदपूर्ति गर्न पदसंख्या निर्धारण गर्नेछ।

(३) आयोगले यस कार्यविधि बमोजिम पदपूर्ति हुने पदको प्रतिशत निर्धारण गरी सोको छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

७. विज्ञापन प्रकाशन गर्ने: (१) दफा ६ बमोजिम निर्धारण भएको पदमा पदपूर्तिका लागि आयोगले वार्षिक कार्यतालिकामा समावेश गरी विज्ञापन प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापनमा सम्बन्धित उम्मेदवारले आयोगको अनलाईन पदपूर्ति प्रणाली मार्फत दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञापन ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम एक पटक मात्र गरिनेछ।

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

८. परीक्षा दस्तुर: सम्बन्धित पदको खुला प्रतियोगितात्मक परीक्षाका लागि आयोगबाट निर्धारण भए बमोजिमको परीक्षा दस्तुर कायम हुनेछ। आयोगबाट परीक्षा दस्तुर निर्धारण नभएको पद/तहको हकमा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

९. दरखास्त दिन नपाउने: (१) दफा ७ बमोजिम प्रकाशित विज्ञापन बमोजिमको पदमा कोशी प्रदेश भित्रका सम्पूर्ण स्थानीय तहमा अस्थायी वा करारमा कार्यरत दफा ३ बमोजिमका कर्मचारी बाहेक संघ, प्रदेश र अन्य प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारीले दरखास्त पेश गर्न पाउने छैन।

(२) दफा ७ बमोजिम विज्ञापन भएको पदमा आफू जुन सेवा, समूह वा उपसमूह र तहका पदमा करार वा अस्थायी सेवामा कार्यरत रहेको हो सोही पदमा मात्र दरखास्त पेश गर्न सकिने छ।

१०. पाठ्यक्रम सम्बन्धी व्यवस्था: (१) आयोगबाट सम्बन्धित पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाका लागि स्वीकृत पाठ्यक्रमको द्वितीय पत्र सेवा सम्बन्धी एक पत्र र दुई पत्र भन्दा बढी पत्र हुने पदको हकमा द्वितीय र तृतीय पत्रको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिने छ।

तर खुला तर्फ स्वीकृत पाठ्यक्रम नभएको पदको हकमा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा योजना लगायत अन्य व्यवस्था सोही पाठ्यक्रममा उल्लेख भए बमोजिम नै हुनेछ।

११. न्यूनतम शैक्षिक योग्यता: विज्ञापन भएको पदका लागि प्रचलित कानूनमा खुला तर्फ निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता हुनेछ।

१२. उमेर हद नलाग्ने: दफा ३ बमोजिमका अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई दफा ७ बमोजिमको विज्ञापनमा दरखास्त दिन उमेर हद लाग्ने छैन।

१३. अनुभव सम्बन्धी कागजात पेश गर्नु पर्ने: दफा ७ बमोजिमको विज्ञापित परीक्षामा आवेदन दिन शुरु नियुक्ति पत्र, शैक्षिक योग्यता र सेवाको अविच्छिन्नता कायम रहेको कार्यालय प्रमुखबाट प्रमाणित पत्र तथा विज्ञापनमा उल्लेख भएका अन्य कागजात अनिवार्य रूपमा अपलोड गर्नु पर्नेछ।

१४. परीक्षामा सहभागी भएको मानिने: (१) ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भए बमोजिमका कर्मचारीले आयोगको अनलाईन प्रणालीमा आवेदन दिई रकम भुक्तानी

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

गरी आयोगबाट दरखास्त स्वीकृत भई सकेको अवस्थामा जुनसुकै कारणले परीक्षामा सहभागी हुन नसकेमा पनि परीक्षामा सहभागी भएको मानिने छ।

तर ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम स्थानीय तहमा करार वा अस्थायी पदमा कार्यरत कर्मचारीले यस कार्यविधि बमोजिम आयोगबाट सञ्चालित परीक्षामा सहभागी हुन नचाहेमा आयोगबाट निर्धारित परीक्षाको मिति भन्दा सात दिन अगावै दरखास्त फिर्ता माग गर्न वाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारले दरखास्त फिर्ता माग गरेमा आयोगले त्यस्तो दरखास्त फिर्ता दिनु पर्नेछ।

तर यसरी दरखास्त फिर्ता माग गरेको अवस्थामा दरखास्त दस्तुत फिर्ता गरिने छैन।

(३) उपदफा (१) र (२) बमोजिमको प्रक्रिया पूरा भएपछि आयोगले अन्तिम स्वीकृत नामावली आयोगको वेवसाइटमा प्रकाशन गर्नेछ।

(४) यस दफा बमोजिमको स्वीकृत नामावलीमा समावेश भएका उम्मेदवार आयोगबाट प्रकाशित विज्ञापनमा समावेश भएको मानी सम्बन्धित स्थानीय तहले ऐनको सेवा सुविधा सम्बन्धी अग्रिम कारवाही गर्न सक्नेछ।

१५. <u>स्थलगत निरीक्षण गर्न सक्ने:</u> (१) यस कार्यविधिको व्यवस्था अनुरूप भएका काम कारवाही सम्बन्धमा आयोगले आवश्यक ठानेमा पदाधिकारी वा कर्मचारी खटाइ स्थलगत निरीक्षण गर्न सक्नेछ।

१६. <u>योग्यताक्रमका आधारमा रोजेको तहमा सिफारिस गरिने:</u> (१) आयोगबाट दफा ७ बमोजिम प्रकाशित विज्ञापन बमोजिमको परीक्षामा उत्तीर्ण उम्मेदवारलाई निज उम्मेदवार कार्यरत स्थानीय तहमा सिफारिस गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै उम्मेदवारले एक आपसमा सहमति गरी एक आपसमा सिफारिस गर्न निवेदन दिएमा आयोगले निजहरूको माग बमोजिम सिफारिस गर्न सक्नेछ।

तर यस प्रकार सिफारिस गर्दा दफा ७ बमोजिम विज्ञापन भएको पदमा मात्र सिफारिस गर्न सकिने छ।

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

(३) ऐनको १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम माग आकृति फाराम पठाइ सकेपछि सो पदमा अन्य कुनै तरिकाले पदपूर्ति गर्न सकिने छैन।

(४) यस दफा बमोजिम सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले नियुक्ति दिई सोही पदमा पदस्थापना गर्नु पर्नेछ।

१७. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषय बाहेक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन २०७६, प्रदेश लोक सेवा आयोग नियमावली २०७७, प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१८. कार्यतालिका बमोजिम गर्नु पर्ने: यस कार्यविधि बमोजिम पदपूर्ति सम्बन्धी कार्य सम्पन्न भए पश्चात् प्रत्येक स्थानीय तहले ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) को प्रयोजन समाप्त भएको मानी बाँकी रिक्त पदमा स्थायी पदपूर्तिको लागि आयोगको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम पदपूर्तिका लागि माग गर्नु पर्नेछ।

१९. बाधा अड्काउ फुकाउने अधिकार: (१) यस कार्यविधिको व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा आयोगले प्रचलित कानूनी व्यवस्थाका आधारमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले गरेको व्याख्या अन्तिम हुनेछ।

२०८१।४।१२

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

# अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## माग आकृति फाराम

स्थानीय तहको नामः

| क्र. सं. | कर्मचारीको नाम थर | सेवा/समूह/ उपसमूह | तह | पद | शुरु नियुक्ति मिति | अस्थायी/ करार | शैक्षिक योग्यता | तोकिएको अवधिसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | देखि | सम्म | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेः

रुजू गर्नेः

प्रमाणित गर्नेः